# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, आश्विन २ गते २०२६ साल [ संख्या २३

श्री ५ को सरकार

खाद्य तथा कृषि मन्त्रालयको

सूचना

जनकपुर अञ्चल कृषि विकास समिति (गठन) आदेश २०२६

विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यो आदेशको नाम "जनकपुर अञ्चल कृषि विकास समिति (गठन) आदेश २०२६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो आदेशमा-

(क) "समिति" भन्नाले यो आदेशबमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

(ख) "सचिव" भन्नाले समितिको सदस्य-सचिव सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत जनकपुर अञ्चल कृषि विकास योजना सम्झनुपर्छ ।

३. **समितिको गठन :–**

(१) जनकपुर अञ्चल कृषि विकास समिति (यसपछि समिति भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप–दफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्:–

(क) सचिव, खाद्य तथा कृषि मन्त्रालय – – – – – –अध्यक्ष

(ख) निर्देशक, कृषि प्रसार विभाग – – – – – – –सदस्य

(ग) निर्देशक, कृषि शिक्षा तथा अनुसन्धान विभाग – – – –सदस्य

(घ) चीफ ईन्जिनियर, नहर विभाग – – – – – –सदस्य

(ङ) प्रतिनिधि, अर्थ मन्त्रालय – – – – – – –सदस्य

(च) प्रतिनिधि, आर्थिक विश्लेषण तथा योजना शाखा, खाद्य तथा कृषि मन्त्रालय – – – – – – – –सदस्य

(छ) योजना प्रमुख, जनकपुर अञ्चल कृषि विकास योजना – –सदस्य–सचिव

(३) समितिको आमन्त्रणमा योजनाको जापानी दलका नेता सल्लाहकारको रूपमा र काठमाडौंस्थित जापानी राजदूतावासका एक प्रतिनिधि दर्शकको रूपमा समितिको बैठकमा उपस्थित रहन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको संख्यामा थपघट गर्ने वा नाममा हेरफेर गर्न सक्नेछ ।

(५) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(६) समितिको अध्यक्ष र सदस्य–सचिवको साथै दुई जना सदस्यसम्म उपस्थित रहेमा पनि समितिको बैठकको लागि गणपुरक संख्या पूरा भएको मानिनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार :–**

(१) जनकपुर अञ्चलमा योजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उप–दफा (१) बमोजिमको कर्तव्य पालनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ :–

(क) योजनाको नीति निर्धारण र कार्यान्वयनमा रेखदेख गर्ने ।

(ख) श्री ५ को सरकारको स्वीकृति लिई योजना कार्यान्वयन गर्ने सिलसिलामा आवश्यक नियमहरू बनाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) योजना कार्यान्वित गर्नको लागि आवश्यक दरबन्दी कायम गर्ने र

(घ) योजना संचालन गर्न आवश्यक मालसामान मगाउने ।

५. समितिको कोष :–

(१) समितिको एक कोष हुनेछ जसमा जापान सरकार र श्री ५ को सरकारबाट योजनाको लागि प्राप्त रकम रहनेछ ।

(२) उप–दफा (१) बमोजिमको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

६. समितिको हिसाबकिताब :–

समितिको हिसाबकिताब श्री ५ को सरकारद्वारा स्वीकृत प्रणाली अनुसार राखिने छ ।

७. लेखा परिक्षण :–

समितिको लेखा परिक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

८. अधिकार प्रत्यायोजन गर्न सकिने:–

समितिले आफ्ना सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उप–समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. समितिको ठेक्का–पट्टा :–

समितिको निर्देशानुसार समितिका तर्फबाट ठेक्का सम्बन्धित सबै काम समितिको सचिवले गर्नेछ र त्यसरी गरिएको ठेक्का–पट्टा समितिले गरेको मानिनेछ ।

१०. समितिको आदेश र निर्णय प्रमाणित गर्ने:–

समितिको निर्णय आदेश समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।

११. समितिको कार्यालय :–

समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–
सुरेन्द्रराज शर्मा
श्री ५ को सरकारको सचिव

३९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।